नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

विषयः सडक सुरक्षा परिषद् (गठन तथा संञ्चालन) आदेश, २०७३ स्वीकृत गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७३/११/१२

१) विषयको संक्षिप्त व्यहोराः

United National Road Safety Conventions का पक्ष राष्ट्रहरुले सडक दुर्घटना/ठक्करबाट हुने मृत्यू तथा अपाङ्गता (Disability) रोक्न आवश्यक राष्ट्रिय कानूनहरु निर्माण गर्नुपर्ने व्यवस्था रहेको छ । नेपालमा हाल सार्वजनिक सवारी दुर्घटना बढी रहेको हुँदा यसलाई न्यूनीकरण गर्न अविलम्ब उपर्युक्त कानूनी व्यवस्था गर्न वाञ्छनीय देखिन्छ । यात्रुहरुको जिउ धनको सुरक्षा गरी गन्तव्य स्थलसम्म सहज ढंगले पुग्न सक्ने वातावरणको सुनिश्चितताको लागि बढ्दो सवारी दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षाको प्रवर्द्धन गर्दै सडक प्रयोगकर्ताहरुलाई उत्तरदायी बनाउन, सवारी दुर्घटना न्यूनीकरण गर्न, यातायात व्यवसायीहरुलाई सेवामुखी र उत्तरदायी बनाउन, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्न, एक सडक सुरक्षा परिषद्को गठन गरी सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने अन्तराष्ट्रिय सडक सुरक्षा सम्बन्धी काम गर्न, संघ संस्थासंग सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्न, सडक सुरक्षा सम्बन्धी कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्न गराउन, सडक सुरक्षा सम्बन्धी कार्य गर्ने सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरु बीच समन्वय गरी सूचना तथा अनुभवहरु आदान प्रदान गर्न, सडक सुरक्षा सम्बन्धी कार्यक्रमलाई आर्थिक सहयोग लगायत अन्य सहयोग गर्न, नेपाल सरकार वा नेपाल सरकारका मातहतका निकायलाई सडक सुरक्षा सम्बन्धी राय, सुझाव उपलब्ध गराउन, सडक सुरक्षासंग सम्बन्धित सडकको पूर्वाधारहरु निर्माण गर्नका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्न, गराउन, सार्वजनिक, व्यक्तिगत वा अन्य सवारी साधनको लागि आवश्यक पर्ने मापदण्ड सम्बन्धी अध्ययन गर्न वा सम्बन्धित निकायद्वारा कार्यान्वयन गर्न गराउन सडक दुर्घटना जाँचबुझ तथा अनुसन्धान गर्न गराउन सडक दुर्घटना सम्बन्धमा विविध पक्ष पहिचान गरी त्यसको रोकथाम गर्ने सम्बन्धमा "सडक सुरक्षा परिषद् (गठन तथा संचालन)" आदेश, २०७३ जारी गर्न नेपाल सरकार (मं.प.) समक्ष प्रस्ताव पेश गर्न वान्छनीय भएकोले यो प्रस्ताव तयार गरिएको छ।

२) प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

"सडक सुरक्षा परिषद् (गठन तथा संञ्चालन)" आदेश, २०७३ को बुँदा नं. ४ को (ञ) मा रहेको व्यवस्था सडक सुरक्षा प्रयोजनका निमित्त आर्थिक श्रोत व्यवस्थापन गरी कोषको स्थापना गरी

सञ्चालन गर्ने बिषय ऐनद्वारा मात्र व्यवस्था गर्न सकिने भएकोले यसलाई हटाउने गरी स्वीकृतिका लागि नेपाल सरकार (मं.प.) मा प्रस्ताव पेश गर्न सहमति रहेको भनी अर्थ मन्त्रालयको च.नं.२४३९, मिति २०७३/११/१० को पत्रबाट अनुरोध भई आएको छ ।

**३.प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः**

"सडक सुरक्षा परिषद् (गठन तथा संचालन)" आदेश, २०७३ को मस्यौदा स्वीकृतिको लागि नेपाल सरकार (मं.प.) समक्ष प्रस्ताव पेश गर्ने भनी माननीय विभागीय मन्त्रीबाट मिति २०७३/११/१२मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

**४.निर्णय हुनु पर्ने व्यहोराः**

यसैसाथ संलग्न "सडक सुरक्षा परिषद् (गठन तथा सञ्चालन)" आदेश, २०७३ स्वीकृत गरी सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

मितिः २०७३/११/१२

धन बहादुर तामाङ्ग
सचिव

# सडक सुरक्षा परिषद् (गठन तथा संचालन) निर्देशिका, २०७३

प्रस्तावना: यात्रुहरुको जिउ धनको सुरक्षा गरी गन्तव्य स्थलसम्म सहज ढंगले पुग्न सक्ने वातावरणको सुनिश्चितता गरी बढ्दो सवारी दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षाको प्रवर्द्धन गर्दै सडक प्रयोगकर्ताहरुलाई उत्तरदायी बनाउन वान्छनीय भएकोले;

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिमको निर्देशिका जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>

(१) यस आदेशको नाम "सडक सुरक्षा परिषद् (गठन तथा संचालन) निर्देशिका, २०७३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले परिषद्मा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठित सडक सुरक्षा परिषद् सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सचिवालय" भन्नाले परिषद्को सचिवालय सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनुपर्छ र यो शब्दले परिषद्को अध्यक्ष एवं सदस्य-सचिवलाई समेत जनाउने छ।

३. <u>परिषदको गठन र कार्यक्षेत्र:</u> (१) सवारी दुर्घटना न्यूनीकरण गर्नको लागि आवश्यक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्न गराउन एक सडक सुरक्षा परिषद्को गठन हुनेछ।

(२) परिषद्मा देहायबमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन्:-

| | |
|---|---|
| (क) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | — अध्यक्ष |
| (ख) महानिर्देशक, यातायात व्यवस्था विभाग | — सदस्य |
| (ग) महानिर्देशक, सडक विभाग | — सदस्य |
| (घ) महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | — सदस्य |
| (ङ) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | — सदस्य |
| (च) प्रतिनिधि, शिक्षा मन्त्रालय | — सदस्य |
| (छ) प्रतिनिधि, गृह मन्त्रालय | — सदस्य |
| (ज) प्रतिनिधि, अर्थ मन्त्रालय | — सदस्य |

(झ) प्रतिनिधि, रक्षा मन्त्रालय — सदस्य

(ञ) प्रमुख, ट्राफिक प्रहरी निर्देशनालय, प्रहरी प्रधान कार्यालय — सदस्य

(ट) सडक तथा यातायात वा सडक सुरक्षा क्षेत्रमा विशिष्ट अनुभव हासिल गरेका व्यक्तिहरु मध्ये यातायात व्यवसायीबाट दुईजना र विज्ञ तीन जना गरी परिषद्ले मनोनयन गरेको पाँच जना — सदस्य

(ठ) मन्त्रालयको निर्माण तथा यातायात महाशाखा हेर्ने सह-सचिव — सदस्य-सचिव

(३) दफा ३ को उपदफा (२) को खण्ड (ट) बमोजिम नियुक्त सदस्यहरुको पदावधि ३(तीन) वर्षको हुनेछ। निजको पुनः नियुक्ति हुन सक्नेछ।

४. <u>परिषद्को काम, कर्तव्य र अधिकार:</u> यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने, गराउने,

(ख) अन्तराष्ट्रिय सडक सुरक्षा सम्बन्धी काम गर्ने संघ संस्थासंग सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्ने,

(ग) सडक सुरक्षा सम्बन्धी कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

(घ) सडक सुरक्षा सम्बन्धी कार्य गर्ने सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरु बीच समन्वय गरी सूचना तथा अनुभवहरु आदान प्रदान गर्ने,

(ङ) सडक सुरक्षा सम्बन्धी कार्यक्रमलाई आर्थिक सहयोग लगायत अन्य सहयोग गर्ने,

(च) नेपाल सरकार वा नेपाल सरकारका मातहतका निकायलाई सडक सुरक्षा सम्बन्धी राय, सुझाव उपलब्ध गराउने,

(छ) सडक सुरक्षासंग सम्बन्धित सडकको पूर्वाधारहरु निर्माण गर्नका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ज) सार्वजनिक, व्यक्तिगत वा अन्य सवारी साधनको लागि आवश्यक पर्ने मापदण्ड सम्बन्धी अध्ययन गर्ने वा सम्बन्धित निकायद्वारा कार्यान्वयन गर्न गराउने,

(झ) सडक दुर्घटना जाँचबुझ तथा अनुसन्धान गर्ने गराउने र

(ञ) सडक दुर्घटना स्थल पहिचान गरी त्यसको रोकथाम गर्ने ।

५. <u>परिषद्को बैठक सम्बन्धी कार्यविधि:</u>

(१) परिषद्को बैठक वर्षमा कम्तीमा ४(चार) पटक बस्नेछ।

(२) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ। परिषद्को अध्यक्ष मनोनयनको अवस्थामा वा निजको अनुपस्थितिमा परिषद्को सदस्यले आफूहरू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय, र स्थानमा सदस्य-सचिवले बोलाउनेछ।

(६) परिषद्को बैठकले गरेको निर्णय सदस्य-सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अद्यावधिक गरी राख्नु पर्नेछ।

(७) परिषद्को बैठकमा सम्बन्धित पदाधिकारीहरु एवं विशेषज्ञलाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्नुपर्नेछ।

६. <u>अध्यक्षको काम कर्तव्य र अधिकार</u>: यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) परिषद्संग सम्बन्धित काम समन्वयात्मक ढंगले संचालन गर्ने गराउने,

(ख) सवारी दुर्घटना तथा सडक यातायात संचालनको अवस्था सम्बन्धी योजना कार्यक्रम र स्थितिका बारेमा सम्बन्धित विभागीय मन्त्रीलाई जानकारी गराउने,

(ग) परिषद्को नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने,

(घ) परिषद्ले सम्पादन गर्नुपर्ने काम कारवाही बारे सदस्यको जिम्मेवारी तोक्ने,

(ङ) परिषद्को कार्यसम्बन्धी विषयमा सम्बन्धित निकायलाई निर्देशन दिने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने,

७. <u>प्रगति विवरण पेश गर्नु पर्ने</u>: सडक सुरक्षा परिषद्को आवधिक प्रगति विवरण सम्बन्धित निकायले परिषद् समक्ष नियमित रुपमा वा परिषद्ले मागेका बखत पेश गर्नु पर्नेछ,

८. <u>अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा</u>:

(१) अध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी सुविधा मन्त्रालयले अर्थ मन्त्रालयको सहमतिमा तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता र सवारी सुविधा नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

९. <u>परिषद्को सचिवालय</u>:

(१) परिषद्को सचिवालय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा रहनेछ।

(२) सचिवालयको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परिषद्ले सम्पादन गर्ने काम कारवाहीमा परिषद्लाई सहयोग पुऱ्याउने,

(ख) परिषद्को बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) परिषद्को निर्णय कार्यान्वयन गर्ने.

(घ) परिषद्को सचिवालयको समेत काम गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने।

१०. <u>कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था:</u>

(१) परिषद्मा आवश्यक संख्यामा कर्मचारीहरु रहने छन्।

(२) परिषद्को लागि आवश्यक पर्ने कर्मचारीहरु नेपाल सरकारले उपलब्ध गराउनेछ।

(३) परिषद्ले आवश्यक सम्झेका क्षेत्रमा अवधि किटान गरी विज्ञ व्यक्तिको सेवा लिन सक्नेछ। त्यस्तो विज्ञको सुविधा परिषद्ले तोके बमोजिम हुनेछ।

(४) परिषद्को लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ।

११. <u>अधिकार प्रत्यायोजन:</u> परिषद्ले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. <u>प्रतिवेदन पेश गर्ने:</u>

(१) परिषद्ले आफूले वर्ष भरिमा सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीहरु, स्वीकृत गरेको योजना तथा कार्यक्रमहरु र सो अनुसार क्षेत्रगत निकायबाट भएका काम तथा प्राप्त उपलब्धि समेत समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन परिषद्ले सार्वजनिक गर्नेछ।